बांके जिल्लाको नेपालगञ्जमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३३ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ माघ १० गते देखि १२ गतेसम्म बांके जिल्लाको नेपालगञ्जमा **"ब्यवसायिक तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका उदयपुर शाखा कार्यालयका शाखा प्रमुख श्री राम उग्रह चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री धन बहादुर पुन, श्री शम्भुनाथ, श्री शारदा ज्ञवाली, शाखा प्रमुख श्री राम उग्रह चौधरी तथा क्षेत्रीय कार्यक्रम अधिकृत श्री नवराज जोशी रहेका थिए । कार्यक्रमको दोस्रो दिनमा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त तथा तालिम विभागका व्यवस्थापक श्री जग्य प्रसाद पन्तले तालिम आयोजना स्थलमा पुगेर तालिम कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रोग्राम अधिकृत श्री नवराज जोशीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको उदयपुर शाखाका प्रमुख श्री राम उग्रह चौधरीले प्रकाश पारेका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।




तरकारी खेती परिचय, हिउँदे तरकारी खेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गाँठ गोबी), करेसाबारीको परिचय र महत्व, साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि , तरकारीको नर्सरी बनाउने तरीका, लहरे तरकारी खेती प्रविधि (लौका, काक्रो, फर्सी, करेला, घिरौला जरे तरकारी (मुला, गाजर, सलगम) र कोसे तरकारी (सिमि, बकुला, बोडी, केराउ) खेती प्रविधि, तरकारी खेतीमा मलखादको प्रयोग, सिंचाई तथा ब्यवस्थापन, साग बाली खेती र बेमौसमी तरकारी खेती प्रविधि तरकारी बालीमा लाग्ने रोग तथा कीराहरुको जानकारी तथा बिषादी ब्यवस्थापन, रकारी बालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन (कसरी बढी मूल्य पार्ने) तथा बजार

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

व्यवस्थापन लगायतका बिषयहरुमा बिशेषज्ञ प्रविधिकहरु मार्फत तालिम प्रदान गरिएको थियो । बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको उदयपुर शाखाका प्रमुख श्री राम उग्रह चौधरीले बताएका थिए । व्यवसायिक रुपमा तरकारी खेती गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रोगाम अधिकृत श्री नवराज जोशीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री चन्द्रकला राना र श्री सुनिता सिंहले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारी खेती गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

संस्थाले २०७६ पौष मसान्त सम्ममा ३ लाख ६४ हजार ९३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ असोज मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब ५१ करोड रहेको छ भने ग्राहक सदस्यहरुका १२ अरब ३२ करोड बचत परिचालन गरेको छ । व्यवसायिक तरकारी खेती गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाको क्षे.का. कोहलपुरका कार्यक्रम अधिकृत श्री नवराज जोशीले जानकारी गराएका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.